संघीय संसद

राष्ट्रिय सभा

सोह्रौं अधिवेशन

बैठक-३४

२०८१ भदौ ६ गते, बिहीवार

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:१५ बजे*

*बैठक स्थगित : ४:४६ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको चौतिसौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:१५ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्माननीय अध्यक्षले आकस्मिक समयमा बोल्नका लागि माननीय सदस्यबाट समय माग भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य तुलसा कुमारी दाहाल**ले हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहा जिल्लाको दक्षिण सीमानामा पर्ने कमला नदीमा बन्दै गरेको पुल भासिँदा स्थानीयबासीले सास्ती खेप्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले आकस्मिक समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा बोल्नका लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय सदस्य उर्मिला अर्याल**ले सर्केघाट गाउँपालिकाका उपाध्यक्ष चन्द्र सिंह कार्की भदौ २ गते सुर्खेतबाट नेपालगञ्ज आउँदै गर्दा हर्रेमा सडक दुर्घटनामा परी मृत्यु भएको बताउनुभयो।

**माननीय सदस्य उदय बहादुर बोहरा**ले सल्यान जिल्लाको लाइफलाइनको रूपमा रहेको राप्ती राजमार्गमा बाढीपहिरोका कारण सवारीसाधन आवतजावतमा समस्या भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य कमला पन्त**ले देशका विभिन्न स्थानमा डेङ्गु र हैजाका कारण आमनागरिकहरूले सास्ती खेप्नुपरेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य कृष्ण प्रसाद पौडेल**ले चाडपर्व नजिकैंदा गर्दा देशभर दैनिक उपभोग्य वस्तुहरूको अभाव, कालाबजारी, मिसावट, मूल्यवृद्धि तथा बिचौलियाहरूको चलखेलका कारणले गर्दा आमनागरिकहरूमा निरासा र आक्रोस बढेको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नरबहादुर विष्ट**ले बाढीपहिरोका कारण देशका विभिन्न स्थानमा जनधनको क्षति भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य नारायणदत्त मिश्र**ले कैलाली जिल्लामा पछिल्लो तीन दिन अबिरल वर्षाका कारण आमनागरिकहरूको जनजीवन प्रभावित भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य भुवन बहादुर सुनार**ले भक्तपुरको गठ्ठाघरमा ट्राफिक चेकिङका क्रममा लापर्वाहीका कारण स्कुटरचालकको मृत्यु भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य मदन कुमारी शाह (गरिमा)**ले देशका विभिन्न स्थानमा गएको बाढीपहिरोका कारण आमनागरिकहरूले ज्यान गुमाउनुपरेको र धेरै घरपरिवारहरू विस्थापित भएको बताउँदै सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य मोहम्मद खालिद**ले हुलाकी राजमार्गअन्तर्गत धनुषा र सिरहा जोड्ने कमला नदीमाथि नयाँ पुल निर्माणको माग गर्दै स्थानीयहरू सामूहिक आमरण अनसनमा बसेको विषयप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे**ले देशका विभिन्न स्थानमा घटेका महिला हिंसा र हत्याका घटनाप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सदस्यहरूले शून्य समय, आकस्मिक समय, विशेष समय र प्रादेशिक समयमा उठाएका राष्ट्र महत्त्वका विषयहरू र जनतासँग सरोकारका विषयहरूका सम्बन्धमा जवाफका लागि सचिवालयबाट सम्बन्धित मन्त्रालयलाई निरन्तर पत्राचार गर्ने गरिएको बताउँदै सचिवालयलाई पुनः पत्राचार गर्नको निम्ति निर्देशन दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले आजको बैठकमा विशेष समय नरहने व्यहोरा जानकारी गराउनुभयो।

सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसिया**लाई **"नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसिया**ले प्रस्तुत गर्नु भएको **"नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल प्रारम्भ भएको जानकारी

गराउनुहुँदै विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनुभयो। छलफलमा देहायबमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयोः

१. मा. सदस्य मदन कुमारी शाह (गरिमा)
२. मा. सदस्य किरणबाबु श्रेष्ठ
३. मा. सदस्य माया प्रसाद शर्मा
४. मा. सदस्य विष्णु कुमारी सापकोटा
५. मा. सदस्य श्रीकृष्ण प्रसाद अधिकारी
६. मा. सदस्य तुलसा कुमारी दाहाल
७. मा. सदस्य सुमित्रा बि.सी.

त्यसपछि, सम्माननीय अध्यक्षले **"नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुहुँदै **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसिया**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुभयो। त्यसपछि, माननीय मन्त्रीले सभामा जवाफ दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **"नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१ माथि विचार गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुहुँदै विधेयकलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा उक्त विधेयक सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **"नेपाल कानुन व्यवसायी परिषद् (दोस्रो संशोधन) विधेयक, २०८१"** माथि संशोधन प्रस्ताव राख्न चाहनुहुने माननीय सदस्यहरूले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखामा संशोधन प्रस्ताव दर्ता गर्न सक्नुहुने ब्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसिया**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभासमक्ष पेस गर्नुभयो। त्यसपछि, सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त " बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव माथि सदनमा दफावार छलफल प्रारम्भ भएको जानकारी गराउनुहुँदै विधेयकका सम्बन्धमा निर्धारित समयभित्र संशोधन प्रस्ताव दर्ता नभएको

व्यहोरा जानकारी गराउनुभयो। उक्त विधेयकको दफावार छलफलमा देहाय बमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयोः

१. मा. सदस्य कृष्ण प्रसाद सिटौला
२. मा. सदस्य नारायण काजी श्रेष्ठ
३. मा. सदस्य भगवती न्यौपाने
४. मा. सदस्य डा. बेदुराम भुसाल
५. मा. सदस्य मोहम्मद खालिद
६. मा. सदस्य तुल प्रसाद विश्वकर्मा
७. मा. सदस्य बामदेव गौतम

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्ताव माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले **माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसिया**लाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले जवाफ दिनुभयो।

त्यसपछि, सम्माननीय अध्यक्षले **प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्"** भन्ने प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी दिनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको **दफा २ देखि २२ सम्म प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ को अङ्ग बनोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले स्वीकृत भयो।

त्यसपछि, सम्माननीय अध्यक्षले देहायबमोजिमको विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयोः

<u>**प्रस्तावनाः**</u> बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस ऐनको नाम "**बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) ऐन, २०८१**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "**बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ को**

**प्रस्तावना र नाम विधेयकको अंग बनाइयोस्"** भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भयो।

**सम्माननीय अध्यक्षले माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री अजयकुमार चौरसिया**लाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त **"बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव प्रस्तुत गर्नुभयो। सम्माननीय अध्यक्षले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सभाबाट सर्वसम्मतिले पारित भयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८१ साल भदौ ९ गते आइतवार अपराह्न १ बजेर १५ मिनेटमा** बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्नुभयो।

पद्मप्रसाद पाण्डेय

महासचिव